**भारतीय राजदूतावास**

**काठमाडौं**

*******

<u>प्रेस विज्ञप्ति</u>

**नेपालमा भारत सरकारको अनुदान सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य तथा साँस्कृतिक क्षेत्रमा कार्यान्वयन हुने तीनवटा परियोजनाको निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर**

भारत सरकारको अनुदान सहयोगमा शिक्षा, स्वास्थ्य तथा साँस्कृतिक क्षेत्रमा एक-एकवटा गरी तीनवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण कार्य अघि बढाउनका लागि भारतीय राजदूतावास, काठमाडौं तथा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच आज समझदारीपत्रमा हस्ताक्षर भयो । यी तीन परियोजनाको कूल अनुमानित लागत नेरु. १२.२५२ करोड रहेको छ ।

२. यी तीनवटा परियोजनाहरु क्रमशः प्युठान जिल्लाको ऐरावती गाउँपालिकास्थित श्री दाङ-बाङ माध्यमिक विद्यालयका लागि विद्यालय र छात्रावास भवनको निर्माण, तेह्रथुम जिल्लाको आठराई गाउँपालिकामा खम्लालुङ स्वास्थ्य चौकी भवनको निर्माण र काठमाडौंको चन्द्रागिरी नगरपालिकास्थित चन्दन भराटेश्वर महादेव मन्दिरमा पूर्वाधार निर्माण कार्य रहेका छन् । यी परियोजनाहरु क्रमशः ऐरावती गाउँपालिका, आठराई गाउँपालिका र चन्द्रागिरी नगरपालिकाका स्थानीय निकायमार्फत कार्यान्वयन गरिनेछन् ।

३. यी परियोजनाहरुको निर्माणले राम्रो शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नुका साथै दुई देशबीचको साँस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउनेछ ।

४. सन् २००३ यता नेपालमा ५५० भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र नेपालका सातवटै प्रदेशमा विशेषगरी भुँइतहमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटी, सरसफाई तथा अन्य सार्वजनिक संरचनाको निर्माण जस्ता क्षेत्रमा ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । अन्य ६२ वटा परियोजना निर्माणका विभिन्न चरणमा रहेका छन् । यी सबै परियोजनाको कूल लागत करिब नेरु. १२२० करोड रहेको छ । नेपाल सरकारको स्थानीय निकायमार्फत यी परियोजनाको कार्यान्वयन भइरहेका छन् ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको शिक्षा, स्वास्थ्य तथा साँस्कृतिक क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

*****

काठमाडौं, नेपाल

२०८० माघ १८